मिति २०७५ पौष ५ गतेको कार्यपालिका बैठकको निर्णयहरु

## प्रस्ताब र निर्णयहरु:-

१. कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०७५ स्वीकृतको लागी पेश भएकोमा अस्थायी करारहरुको कर्मचारीहरुलाई समेटने गरि कार्यविधी पास गर्ने निर्णय गरियो ।

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

२. **खर्च अनुमोदन गर्ने सम्बन्धमा ।**

-यस माथी छलफल गर्दा बिभिन्न मितिमा अध्यक्ष ज्युबाट तोक आदेश भई तपसील शिर्षकमा कार्यक्रम संचालन खर्च भई सकेकोले उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो।

क-भवानी मा.बि.छात्राबासलाई न्यानो लुगा बितरण खर्च रु.१,५०,०००।– (एक लाख पचास हजार)

ख-मनहरी महोत्सवमा सहभागिता एवं लागत इस्टिमेट बमोजिमको खर्च रु.८८०००।(अठासी हजार )

ग-पशु सम्बन्धी उपकरण खरिद भएको रकम रु.२२१५२०।०० (दुईलाख एक्काईस हजार पाँच सय बिस ) ।मेशिनरी औजार शिर्षक बाट खर्च अनुमोदन गर्ने।

**३- गाउँपालिका केन्द्रमा विद्युत प्राधिकरणबाट प्राप्त विद्युतीय पोलहरुको व्यबस्थापन गर्ने तथा गाउँपालिका कार्यालय कालिकाटारमा द्रुत तरिकाबाट विद्युतीकरण गर्ने सम्वन्धमा।**

- यस बिषयमा छलफल गर्दा बिधुत प्राधिकरणबाट खरिद गरेको स्टिल पोल १५९(एक सय उन्नसाठी) वटा व्यवस्थापन गर्न साबिक नामटार गाबिस कैलाश-१०चुनिया-बेतेघारी देखी गाँउपालिका सम्म बिधुत बिस्तारको लागी प्राविधिकबाट स्थलगत सर्भे गराई अनुमानित लागत तयार गराउने कार्य तुरन्तै गराई उक्त पोल व्यवस्थापन गराउने निर्णय गरियो ।

**४-कर्मचारी समायोजन सम्वन्धमा ।**

-नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको कर्मचारी समायोजन २०७५ बमोजिम साविक स्थानिय निकायबाट स्थायी नियुक्ती पाएका कर्मचारीहरुको समायोजन गर्न परिपत्र प्राप्त भएकोले यस गाँउपालिका अन्तर्गत बिभिन्न वडामा देहायका कर्मचारी स्थायी नियुक्ती पाएकाहरुलाई हाल कार्यरत रहेका वडा कार्यालयमानै कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा ४ बमोजिम लागु हुने गरी समायोजन गरी सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो।

| सि.नं. | कर्मचारीको नामथर | कार्यरत पद | समायोजन भएको पद | तह/श्रेणी | समायोजन गरिएको कार्यालय |
|---|---|---|---|---|---|
| १ | राम चन्द्र शिवाकोटी | सहायक स्तर (पाचौ) | वडा सचिव (पाचौ तह) | सहायक स्तर पाचौ | ९नं.वडा कार्यालय, कैलाश गा.पा.अन्तर्गत |
| २ | राम बहादुर थिङ्ग | सहायक स्तर (पाचौ) | वडा सचिव (पाचौ तह) | सहायक स्तर पाचौ | ५नं.वडा कार्यालय, कैलाश गा.पा.अन्तर्गत |
| ३ | कृष्ण बहादुर प्रजा | का.सहयोगी | का.सहयोगी(श्रेणी बिहिन) | बिहिन | ९ नं.वडा कार्यालय कैलाश,गा.पा.अन्तर्गत |

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित
टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार, ३ नं. प्रदेश

५- सडक मर्मत रकम भुक्तानी सम्बन्धमा ।

-यस बिषयमा छलफल गर्दा यस गाँउपालिका क्षेत्र भित्र निर्माण भएका कच्ची सडकहरु बिगत बर्षातमा बाढीपहिरोले क्षति भएका बिभिन्न १० वडाका प्रमुख तथा शाखा सडकहरु मर्मत ( पहिरो ,ग्राभेल,मोड सुधार,सडक बिस्तार र सडक सफा गर्ने कार्य गरी बर्षातको समयमा निरन्तर गाडी सुचारु गराई सर्वसाधरण जनतालाई सेवा दिएको हुँदा प्राविधिक स्टेमेट,मुल्यांकनको आधारमा बढीमा २३,००,०००।(तेईस लाख) बिपद व्यवस्थापन कोषबाट उपभोक्ता समितिलाई सम्बन्धित वडाको किटानी शिफारिसमा भुक्तानी दिने निर्णय गरियो ।

६-RCIW को गाउँपालिका स्तरीय विनियोजित बजेट अन्तर्गतको कार्यक्रम अनुमोदन गर्ने,थप बजेट माग गर्ने ।

-यस बिषयमा छलफल गर्दा उक्त आयोजनाको क्रमागत योजनालाई निरन्तरता (वडा नं.७ र ८) लाई दिने कार्यक्रमलाई अनुमोदन गर्ने र उक्त बजेटबाट नपुग हुने र नयाँ वडामा कार्यक्रम बिस्तार गर्न बजेट नपुग भएकोले सम्बन्धित निकायमा पुजिगत तर्फ रु.४०,००,०००। र चालु तर्फ रु.१०,००,०००।जम्मा रु.५००००००।(पचास लाख) बजेट माग गर्ने निर्णय गरियो ।

७-वडा तथा गाउँपालिका स्तरीय योजना सम्झौता समय अवधि तोक्ने ।

-यस विषयमा छलफल गर्दा स्वीकृत बजेट बमोजिम बिनियोजन भएका योजनाहरुको सम्झौता पहिलो चरणको लागी यहि मिति २०७५ पौष २० गते सम्म समयावधि तोकी उपभोक्ताहरुलाई जानकारी गराउन वडा कार्यालयहरुलाई आ-आफ्नो वडाका समितिलाई जानकारी गराउन यस गाँउपालिकाबाट अनुरोध गर्ने निर्णय गरियो ।

८ -कैलाश-९, नामटारमा रहेको अस्थाई प्रहरी चौकी ब्यवस्थापन गर्ने ।

-यस बिषयमा पोष्ट कायम गर्न सम्बन्धित निकायमा पत्रचार गर्ने र चौकी ब्यवस्थापन नामटार स्थित पायक पर्ने स्थानमा घर भाडामा लाग्ने रकम गाँउपालिकाले बेहोर्ने र उक्त ब्यवस्थापनको सहजिकरण वडा नं.९ र १० वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

९-स्पष्टीकरण माग गर्ने सम्बन्धमा।

-यस बिषयमा छलफल गर्दा गाँउपालिकाको सामाजिक बिकास समितिको निर्णयबाट मिति २०७५।५।१८ मा गाँउपालिका क्षेत्र भित्रका बिध्यालयहरुमा आन्तरिक दरबन्दी मिलानमा सरुवा भएका शिक्षकहरु खटाएको बिध्यालयमा हाल सम्म हाजिर नभएका शिक्षक मोहन लाल शिवाकोटी र सम्झना बतौंला भट्ट लाई स्पष्टीकरण माग गर्ने साथै पशु शाखा अन्तर्गत करारमा कार्यरत ना.प.से.प्रा.प्रविन अर्याल बिगत १ महिना देखी खटाएको कार्यालयमा हाजिर नभएको जानकारी प्राप्त भएकोले निजको करार सेवा मिति २०७५।७।०१ गते देखी लागु हुने गरि सम्झौता रद्द गर्ने निर्णय गरियो ।

१०-बिपद शाखा स्थापना सम्बन्धमा ।

-यस विषयमा छलफल गर्दा गा.पा.मा बिपद शाखा स्थापना गर्ने र सो को लागी आबश्यक पर्ने सामाग्री र स्वास्थ्य संस्थाबाट टाढा रहेको स्थानको लागी ५ वटा प्राथमिक उपचार बक्स सो को लागी व्यवस्थापन खर्च सम्पुर्ण CCDN-SABAL संग माग गर्ने निर्णय गरियो ।

प्रमाणित
टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Pramanit

टंक बहादुर नगी
प्रमुख प्रशासकीय अधिकृत

**११-प्रदेशबाट बिनियोजित सडक निर्माण सम्बन्धमा ।**

-यस बिषयमा छलफल गर्दा चुनिया-नामटार खण्ड सडक निर्माण गर्ने क्रममा स्थानिय तहबाट आउन सक्ने विवादहरु स्थानिय तहबाटै समाधान गर्ने निर्णय गरियो ।

**१२-बिद्यालय घडेरी निर्माण तथा मर्मत सम्बन्धमा ।**

-यस गाउँपालिका अन्तर्गत वडा नं.०३ स्थित श्री शारदा प्रा.बि.भवन मर्मत गर्नको लागी रु.१,५०,०००।र वडा नं.८ स्थित रहेको श्री धुवाङ्ग मा.बि.को घडेरी खार्नको लागी रु.५,००,०००। आकष्मिक पुर्बाधार कोषबाट खर्च गर्ने निर्णय गरियो।

१३- समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।

-यस बिषयमा छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय (प्रदेश) बाट प्राप्त पत्र अनुसार प्रदेश समपुरक अनुदान सम्बन्धी २०७५कार्यविधी बमोजिम तपसिलको योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिलः-

क) बिधुतिकरण बिस्तार योजना।

ख) भार्ता- डाँडाखर्क -खोलाखर्क सडक योजना ।

ग) कालिकाटार-गोगने सडक योजना ।

घ) धुमाउने-बुकुटी-लिकचे-ज्यान्द्रुङ् सडक योजना ।

ङ) राजडाँडा-किटभन्ज्याङ्ग ग्रामिण सडक योजना ।

१२- योजनाको नाम शंसोधन सम्बन्धमा ।

-गाँउपरिषदबाट बिनियोजन भएको वडा नं.७ को पुर्बाधार बिकास कार्यक्रम अन्तर्गत सुकुभन्जयाङ्ग-बिलाउने खहरे स्लाब ढलान योजानको नाम शंसोधन गरी बिलाउने- खहरे सडक मर्मत राख्रे निर्णय गरियो ।

**१३-बिबिध ।**

क)-यस बिषयमा छलफल गर्दा परापुर्वकाल देखी मनाउदै आएको कालिका मेला कालिकाटार र स्यार्सेकालिका मेला नामटारलाई ब्यवस्थापन खर्चको लागी बढीमा रु.५००००।(पचास हजार) का दरले रु.१०००००।(एक लाख) सांस्कृतिक प्रवद्धन शिर्षकबाट मेला आयोजक समितिलाई नियामानुसार प्रकिया पुर्याई भुक्तानी दिने निर्णय गरियो ।

ख) सार्बजनिक प्रयोगको लागी दान दिने दाताहरु संग जग्गा रजिष्ट्रेशन गर्नको लागी आफ्नो वडाबाटनै प्रतिनिधी तोक्ने अधिकार यस गाँउपालिकाबाट दिने निर्णय गरियो ।

ग- वडा नं.०७ स्थित वडा कार्यालयमा खानेपानीको असुविधा भएकोले प्राविधिक ल.ई.बमोजिम रकम बिनियोजन गर्ने निर्णय गरियो ।

Pramanit

टंक बहादुर नगी
प्रमुख प्रशासकीय अधिकृत